**गाउँ कार्यपालिकाको मिति २०८२।११।२७ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

| क्र.स. | प्रस्तावहरु | निर्णय हुनु पर्ने व्यहोरा |
|---|---|---|
| १. | गत कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा। | समीक्षा भई आवश्यक निर्णय हुनुपर्ने। |
| २. | कर्णाली प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत आगामी आ.व.मा सञ्चालन गरिने आयोजना कार्यक्रम सम्बन्धमा। | आवश्यक छलफल भई आयोजना कार्यक्रम छनौट हुनुपर्ने। |
| ३. | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आ.व.२०८१।०८२ को विवरण प्रविष्ट सम्बन्धमा। | स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन सम्वन्धि अभिमुखिकरण कार्यक्रम गरि जिम्मेवारी अनुसार प्रविष्ट गरिनुपर्ने। |
| ४. | सानीभेरी गाउँपालिका अस्पताल, विभिन्न स्वास्थ्य चौकी, विभिन्न आधारभूत स्वास्थ्य केन्द्र तथा खोप केन्द्रमा रहेका जनशक्तिको व्यवस्थापन तथा खटनपटन सम्बन्धमा। | छलफल भई आवश्यकता बमोजिम निर्णय हुनुपर्ने। |
| ५. | नागरिक उपचार सहायता कार्यक्रम सम्बन्धमा। | पेश भए अनुसार छलफल भई आवश्यक निर्णय हुने। |
| ६. | गाउँ शिक्षा समितका निर्णय अनुमोदन सम्बन्धमा। | पेश भए अनुसार हुने। |
| ७. | विविध सम्बन्धमा। | समसामयिक तथा अन्य विषयमा छलफल भई आवश्यक निर्णय हुनुपर्ने। |

**निर्णयहरु**

**निर्णय नं.१: गत कार्यपालिका बैठकका निर्णयको समीक्षा**

अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको सम्वन्धमा छलफल भई कार्यान्वयन भएका निर्णयहरुको जानकारी गराई कार्यान्वयन नभएका निर्णयहरु कार्यान्ववयन गर्ने निर्णय गरियो।

**निर्णय नं.२: कर्णाली प्रदेश समपुरक र विशेष अनुदान अन्तर्गत आगामी आ.व.मा सञ्चालन गरिने आयोजना कार्यक्रम**

आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर, सुर्खेतको मिति २०८२।११।०१ गतेको सूचना अनुसार कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन समेत) कार्यविधि,२०८१ मा व्यवस्था भए अनुसार हुनेगरी तपशिल अनुसार आयोजना/कार्यक्रमहरु छनौट गरि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**तपशिलः**

**समपुरक अनुदान**

१. डम्पिङ साइडको लागि गोलडाँडा खारखाली जुम्लिपोखरी गाईछिर्ने सडक निर्माण सानीभेरी-३

२. भेरी दह पर्यटकीय पूर्वाधार निर्माण सानीभेरी-७

३. गिठाकोट पुर्तिमकाँडा चाइनाबगर कृषी सडक सानीभेरी-२

**विशेष अनुदान**

१. तल्लाचौर मेलचौर एक घर धारा खानेपानी लिफ्टिङ निर्माण योजना सानीभेरी-५

२. सानीभेरी गाउँपालिका अन्तर्गत विद्यालयहरुमा फर्निचर निर्माण तथा व्यवस्थापन परियोजना

**निर्णय नं.३: स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आ.व.२०८१।०८२ को विवरण प्रविष्ट**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमान्डौंको मिति २०८२।११।१९ गतेको च. नं. २९४ को प्राप्त पत्रानुसार स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आ.व.२०८१।०८२ को विवरण प्रविष्ट गर्ने सम्बन्धीको पत्रानुसार प्रविष्ट गर्ने प्रयोजनको लागि जनप्रतिनिधि र कर्मचारीहरुसहित १ दिने अभिमुखिकरण कार्यक्रम मिति २०८२।१२।०२ गते सञ्चालन गरि शाखागत जिम्मेवारी अनुसार प्रविष्ट गर्ने व्यवस्था मिलाई तोकिए बमोजिमको समयसीमा भित्र सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ४: सानीभेरी गाउँपालिका अस्पताल, विभिन्न स्वास्थ्य चौकी, विभिन्न आधारभूत स्वास्थ्य केन्द्र तथा खोप केन्द्रमा रहेका जनशक्तिको व्यवस्थापन तथा खटनपटन**

सानीभेरी गाउँपालिका अस्पताल, विभिन्न स्वास्थ्य केन्द्र, विभिन्न आधारभूत स्वास्थ्य केन्द्र तथा खोप केन्द्रमा रहेका जनशक्तिहरुको तपशिल अनुसार खटनपटन गर्ने र गाउँपालिका अस्पताल र अन्य केन्द्रमा तपशिल अनुसार नपुग कम्युनिटि नर्सिङ समूहका कर्मचारीहरु खुल्ला प्रतियोगितात्मक प्रक्रियाबाट पदपुर्ति गर्ने निर्णय गरियो।

**तपशिलः**

| क्र.स. | कर्मचारीको नाम,थर | पद | हाल कार्यरत संस्था | कामकाज सरुवा सिफारिस संस्था | कै. |
|---|---|---|---|---|---|
| १. | पविता वि.क. | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, पेदि | सानीभेरी गाउँपालिका अस्पताल | |
| २. | वसन्तकुमार खड्का | सि.अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, पुर्तिमकाँडा | सानीभेरी गाउँपालिका अस्पताल | |
| ३. | मनकला खत्री | अ.न.मि. | दुलि स्वास्थ्य चौकि | सानीभेरी गाउँपालिका अस्पताल | |
| **नयाँ पदपूर्ति** | | | | | |
| संस्थाको नाम र ठेगाना | | | | पद | |
| १. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं.२ | | | अ.न.मि. | करार |
| २. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, पेदि वडा नं.३ | | | अ.न.मि. | करार |
| ३. | सानीभेरी गाउँपालिका अस्पताल छोटेवगर | | | अ.न.मि. | करार |
| जम्मा संख्या | | | | ३ (तिन) | |

## निर्णय नं. ५: नागरिक उपचार सहायता कार्यक्रम

सानीभेरी गाउँपालिका अन्तर्गत विभिन्न गम्भिर प्रकृतिका रोग लागि आर्थिक अभावको कारण उपचार गर्न नसकेका तपशिल अनुसारका व्यक्तिहरुलाई आर्थिक सहयोग गर्ने निर्णय गरियो।

**तपशिलः**

| क्र स | नाम थर | स्थायी ठेगाना | रोगको किसिम | रकम |
|---|---|---|---|---|
| १ | विरमी खडका | सानीभेरी-११ | पेट तथा मृगौला | ३००० |

| | | | | |
|---|---|---|---|---|
| २ | देवि खड्का | सानीभेरी-९ | पथरीको अप्रेशन | ६००० |
| ३ | शितला दमाई | सानीभेरी-९ | खुट्टा भाचिएको | ३००० |
| ४ | करिणा वि क | सानीभेरी-९ | हात खुट्टाको समस्या | ५००० |
| ५ | भिमे बराल | सानीभेरी-४ | मृगौलाको अप्रेशन | ७००० |
| ६ | तिलक वि क | सानीभेरी-११ | न्यूमोनिया | ५००० |
| ७ | एलिना पुन मगर | सानीभेरी-६ | पेटको समस्या | ८००० |
| ८ | नन्दी कामी | सानीभेरी ३ | टाउको समस्या | ८००० |
| ९ | रामे कामी | सानीभेरी-३ | पेटको अप्रेशन | ८००० |
| १० | विकाश पुन मगर | सानीभेरी-२ | खुट्टा भाचिएको | ५००० |
| ११ | दिपक घर्ति | सानीभेरी-३ | पेटको समस्या | ८००० |
| १२ | देवि ओली | सानीभेरी-३ | उच्च रक्तचाप | ५००० |
| १३ | खिम बहादुर ओली | सानीभेरी-११ | मुटुको समस्या | ३००० |
| १४ | हिरालाल वि क | सानीभेरी -३ | मुटुको समस्या | १०००० |
| | | | जम्मा | ८४००० |

**निर्णय नं.६ : गाउँ शिक्षा समितका निर्णय अनुमोदन**

मिति २०८२।११।०३ गते बसेको गाउँ शिक्षा समितिको निर्णयहरु बैठकमा सुनि सुनाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.७ : विविध सम्बन्धमा**

सानीभेरी गाउँपालिका स्थायी वास युनिट संरचनाको लागि संगठन तथा व्यवस्थापनका लागि तपशिल बमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो।

तपशिलः

संयोजक-प्रमुख प्रशासकीय अधिकृत

सदस्य-आर्थिक प्रशासन प्रमुख

सदस्यःप्रशासन प्रमुख

**आजको बैठक सौहार्दपूर्वक रुपमा सम्पन्न भई बैठकमा उपस्थित सबैलाई अध्यक्षबाट धन्यवाद व्यक्त गरि बैठक समापन गरियो।**